# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (अठ्तीसौं बैंठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६।०६।०९ गते, दिनको १ : ०० बजे

प्रदेश सभा गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा १:००बजेर १० मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहानुहुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय श्री विन्दु कुमार थापालाई बोल्न समय दिन्छु ।

**माननीय श्री विन्दुकुमार थापाज्यू,**

सभामुख महोदय, प्रदेशको राजधानी पोखरालाई अब राजधानी जस्तो बनाउन अपरिहार्य छ । अरु दुर्गम क्षेत्रको विकासको मोडल छुट्टै हुन सक्छ । त्यहाँको विकासको साथ साथै पोखरालाई पनि गण्डकी प्रदेशको राजधानी जस्तो बनाउनु आवश्यक छ । कास्की र पोखराका जनताले स्थानिय प्रदेश तथा संघ सरकारलाई टेक्सको माध्यमबाट राज्य कोषमा आकर्षण योगदान पनि पुर्‍याएका छन । पोखरामा २०२१ पछि नयाँ एयरपोर्ट आउदैछ । यसलाई अराष्ट्रिय शहरको रुपमा विकास गर्न यहाँका सडक, बसपार्क, आकाशे पुल, ट्राफिक लाइट समस्या, स्वस्थ्य खानेपानी, पार्किङ, ट्राफीक लाईट, चक्रपथ र तालहरुको

संरक्षण र विकास को अभिलम्ब प्रदेश सरकारले समन्वयात्मक रुपबाट काम गर्न जरुरी छ । यो तर्फ सरकारको ध्यान जाओस् म चाहान्छु । तर मलाई लाग्छ, त्यो प्रदेशको राजधानी कास्की र पोखरा यहाँबाट हाम्रो सात बटा मन्त्रालयहरु मध्येमा एउटा मन्त्रालय पनि हाम्रो प्रदेशका माननीय सभासद्हरु होनाहार हुनुहुन्छ, समक्ष हुनुहुन्छ तर पनि एउटा पनि मन्त्रालयमा उहाँहरुको अटाउन सक्नु भाको छैन । त्यसकारणले हो कि अलिकिति विकास कास्कीको विकासमा अलि अपनत्व नपाको हो कि । धन्यवाद ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्यहरु, शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको कम यही समाप्त हुन्छ ।

माननीय सदस्यहरु अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ आफ्नो स्थानबाट आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री रामजी वराल जीवन । समय १५ मिनेट ।

**माननीय सदस्य श्री रामजी वराल जीवनज्यू,**

माननीय सभामुख महोदय, गण्डकी प्रदेशको राजधानी पोखरा पर्यटनको हव बनाउने भनिएको ठाउँ पोखरा । पोखरेलीबासी जनताले पर्याप्त पानी प्राप्त गर्न सकेका छैनन, एकातिर भने अर्कोतिर धारामा धमिलो पानी आउने हुनाले हैरान परेशान छदैछन । भनिन्छ ८०,९० प्रतिशत रोग सफा र शुद्ध पानी नहुँदा लाग्ने गर्दछ । जे होस् ढिलै भएपनि जापानको सहयोगमा पानी शुद्धीकरणको प्रक्रिया अगाडि बढेको छ। नेपाल सरकार र जापान सरकारलाई धन्यवाद दिन चाहान्छु । हाल पोखरा खानेपानीको मुहान जुन ठाउँमा छ, वरीपरी ठुलो बस्तीको बीचमा पर्दछ । इर्दी र मर्दी यसका श्रोत हुन । यी दुबै श्रोत माछापुच्छ्रे गाउँपालिकामा पर्दछन । इर्दी मर्दीले बगाई ल्याएको ढंगा, बालुवा,गिटी चलाउन, छुन समेत खानेपानी संस्थानले दिदैन । जसका कारण पानीको सतह माथि माथि आएको छ । ठुलो बाढी हुदा मानव बस्ती र खेतीयोग्य जमीन बगरमा परिणत

हुने जोखिम बढेको छ । हालको पानीको मुहान जुन ठाउँमा छ उक्त स्थानबाट करिब ३ किलोमिटर मर्दी र इर्दी खोलाको शिरतिर पोखरा खानेपानीको मुहान सार्न गण्डकी प्रदेशको सरकार मार्फत संवन्धित सँग जोडदार माग गर्दछु। माछापुच्छ्रे गाउँपालिकाले पटक पटक ध्यानआकर्षण गराउँदापनि सुनुवाई भएको छैन । आफ्नो पालिकाको महत्वपूर्णसंपत्ति गिटी, ढुंगा, बालुवा छुन पनि नपाइने अवस्थाको अविलम्व अन्त गरिदिन समेत सरकारसँग विशेष अपील गर्दछु । साथसाथै चाडपर्वहरु शुरु हुन थालेका छन, एकातिर भने अर्कोतिर आन्तरिक पर्यटक हरु भित्राउने अभियानको शुरुवात पनि आजै भएको छ । शहरभित्रको बाटो फाटेर ठुला ठुला खाल्टा परेका छन । खाल्टामा पानी भरिएको छ । देखिने खाल्टा छल्छु भन्दा दुर्घटनाको काफी भय बढेर गएको छ । बाटोमा हिडिरहेका मानिसहरुलाई हिलो धमिलो पानीले छयाप्ने हुदा आक्रोश पनि पोखिने गरेको छ । तीन तहको सरकार छ भन्छन, कर बढेको बढ्यै छ कहाँ छन ती सरकार, के गरेका छन जनप्रतिनिधिले नागरिकले आक्रोश पोखेको सुन्दा मन चसक्क हुदोरहेछ सरकार । २०१९ आन्तरिक पर्यटन वर्षको बाँकी समय करिव ३ महिना छ, पोखरा आउने पर्यटक फेवाताल जालान फेवाताल पक्कै पनि जान्छन । जिरोदेखि पश्चिमपट्टी खाल्टैखाल्टा छन । महेन्द्रगुफा, ट्राउट माछापालन जालान दीप भन्दा माथि खाल्टै खाल्टा छन । तालैतालको धनी लेखनाथ जाँदा अमरसिंहचोकमै खाडल देखिन्छ । गुप्तेस्वरगुफा छोरेपाटन विरौटाचोकमा पुग्दाखेरी खाल्टैखाल्टा यस्तो अवस्थालाई प्रदेश सरकार महानगरको सहकार्यमा विशेष योजना बनाइ रातारात १५ दिन २० दिन भित्रमा काम संपन्न गर्न सबै पक्षलाई परिचालन गरी काम गर्नका निम्ति विशेष अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्य श्री डोबाटे विश्वकर्मा । समय १० मिनेट ।

**माननीय सदस्य श्री डोबाटे विश्वकर्माज्यू,**

सभामुख महोदय, हाम्रो देश कृषि उत्पादन देश, कृषिमा आधारित देश र कृषिमा आत्मनिर्भर गर्नपर्छ भनेर हामी प्रदेश सभामा पनि पटक पटक कुरा र त्यसलाई

हामी नीतिगत ढंगबाट पनि निर्णय गरेको अवस्था र अहिले कृषकले मल नपाएर चारपाँच किलो मलको लागि दिनउ बजार धाउन पर्नि र कृषक अब खेतीपातीको सिजन अन्त्य हुनी बेला सम्म पनि मल नपाउनको कारण के हो र कहिले सम्म कृषकले मल पाउछन र उपलब्ध हुन्छ? त्यो कुरा सभामुखज्यू मार्फत संवन्धित मन्त्रालयसँग माग गर्दछु र अर्को दमौली हस्पीटलमा २०७६।४ मसान्तसम्ममा दमौली हस्पीटलमा सुत्केरी महिलाहरुले पाउने सुविधा रकम नपाएको र रकम फीज भएर भएको कुरा त्हाँका डाक्टर, कर्मचारीबाट जवाफ आएकोले आएको भन्ने कुरा आएको छ र त्यो रकम उपलब्ध गराउनको लागि जोडदार माग गर्दछु । अर्को कुरा दमौली हस्पीटलमा अहिले हामी विभिन्न रोगको प्रकोपमा परेको अवस्था छ । डेङ्गो रोग देखि लिएर हरेक अहिले भाइरल रोग ज्वरो आइरहेको अवस्थामा एउटा जिल्लाको दमौली हस्पीटल एक मात्र हस्पीटल रहेको र त्यहाँको हस्पीटलको अवस्था डाक्टरहरुको दरवन्दी पनि कम रहेको त्यसमाथि त्यहाँ राम्रो उपचार हुन नसक्ने र सेवा नपाउने अवस्था रहेको हुदा ले गर्दा त्यो हस्पीटललाई व्यवस्था नभएको हुदा त्यसको राम्रो व्यवस्थापन गर्नको लागि जोडदार माग गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्य श्री हरिशरण आचार्य । समय ५ मिनेट ।

**माननीय सदस्य श्री हरिशरण आचार्यज्यू,**

माननीय सभामुखज्यू, गोरखा जिल्ला अस्पतालको कम्पाउण्डभित्र हस्पिटल प्रशासनले कुनै पनि प्रतिस्पर्धा नगराई मनोमानी तरीकाले स्थानिय होटल व्यवसायी रेवती घिमिरेलाई क्यान्टीन बनाउने योजना स्वरुप अथवा क्यान्टीन संचालनका लागि ट्स्ट राखिएको भवन निर्माण गर्न दिइरहेको छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष पूरुषोत्तम अर्याल र केहि व्यवसायीको मिलेमतोमा हस्पीटलको हाताभित्र जुन मनोमानी गरिएको छ, यो विधि र प्रक्रिया विपरित सार्वजनिक खरिद ऐनलाई मिचेर गर्न खोजिएको काम तत्काल बन्द गर्न लगाई प्रतिस्पर्धामा प्रक्रियागत ढंगबाट उक्त क्यान्टीन संचालन गरियोस् भनि संवन्धित मन्त्रालयको ध्यान आकर्षित गराउन चाहान्छु । साथै माननीय सभामुख

मार्फत यो संसदको सार्वजनिक लेखा समितिको पनि विशेष ध्यान आकर्षित गराउन चाहान्छु । हाम्रो गण्डकी प्रदेशको जतिपनि कसर उधोगहरु छन, मैले बाहिर तथ्याङ बुझ्दाखेरी र संवन्धित क्षेत्रमा बुझ्दाखेरी अहिलेसम्म एउटा पनि कसर उधोग त्यो विधि र प्रक्रियामा अथवा मापदण्डभित्र नरहेको कुरा जानकारीमा पाएको छु र यदि यो सत्य हो भने सरकारले कहिले र कुन मिति सम्ममा त्यो कसर उधोगहरुलाई एउटा मापदण्डभित्र ल्याउन सक्छ, त्यो कुरा सरकारले कहिले निर्णय गर्न सक्छ, यो कुरा विशेष गरी सभामुख मार्फत संवन्धित मन्त्रालयसँग विशेष माग गर्न चाहान्छु । र अहिले किसानहरु प्रत्येक सरकारी प्रत्येक मल खरिदबिक्री गर्ने स्थानमा लाइन लागेर बसेको देखिन्छ, अनि दिन दिनै सुचना कहिले आउछ मल आएको भन्ने कुरा सुचना पर्खेर बसेको देखिन्छ, तर सरकारले अनुदान दिएर धमाधम मल खरिद बिक्री गर्नका निमित्त जुन रकम वितरण गरिराखेको छ तर त्यो रकमले कहिले काम गर्छ के किसानले वाली भित्राइसके पछाडि अथवा किसानले त्यो मल नपाएर त्यो वाली मरिसके पछाडि अथवा त्यो किसानको त्यो समय त्यो सबै चिज डुबिसकेपछाडि लगानी डुबिसकेपछि मल पाउने हो ? या समयमा मल पाउने हो । त्यसो भएर सरकारले यो कहिलेसम्म उपलब्ध गराउन सक्छ, साच्चै किसानले मल कहिले पाउने हो , यो कुरा सरकारले निश्चित समयभित्र, निश्चित मितिमा, निश्चित योजनाका साथ गंभीरतकासाथ यो मल बिऊ किसानकोमा पुर्याउने वातावरण बनाओस् सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउदै आफ्नो भनाई टुङ्याउछु । धन्यवाद ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्यहरु, विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई मिति २०७६ साल असोज ६ गते सभामा प्रस्तुत भएको गण्डकी प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने संवन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू,**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल असोज ६ गते प्रस्तुत भएको गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने संवन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

माननीय सभामुखज्यू,

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोस्

हुन्छ ,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् **हुन्न** भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने संवन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव **सर्वसम्मतिले स्वीकृत** भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने संवन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यवहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय श्री ईन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सदस्य श्री ईन्द्रलाल सापकोटाज्यू,

सभामुख महोदय, आज हामी गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूत गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलको क्रममा उपस्थित भएका छौं । विषय जतिबेला यो ऐन संसदमा प्रस्तावित गरियो, चौतर्फी आलोचनाको घेराभित्र चौतर्फी जनताले खोजेको विषयवस्तुभित्र अहिले धेरै चर्चाको विषयवस्तु भित्र यो गर्भनेन्स अथवा सुशासन भन्ने विषय उठेको छ । यो मानेमा पनि मैले गण्डकी प्रदेश सरकारलाई गण्डकी प्रदेशभित्र सुशासन प्रत्याभूत गर्ने उद्देश्यले यो ऐन प्रस्तावित गरिएको छ, यसका निम्ति सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छु । सरसर्ति मैले यो विधेयक अध्ययन गरे । ४४ वटा दफामा यसको बारेमा प्रस्ट गरिएको छ । र मैले हाम्रो संविधानले यो सुशासनको संर्दभमा प्रत्याभूत गरेका केहि विषयवस्तुहरुको बारेमा पनि मैले नजर लगाए । वास्तवमा नेपालको संविधानको धारा ५१ ले पनि नेपालको राजनीतिक र शासन व्यवस्था संवन्धि नीतिमा सार्वजनिक प्रशासनलाई कसरी स्वच्छ, मर्यादित, निश्पक्ष, पारदर्शी, भ्रष्टाचाररहित, जनउत्तरदायी बनाउन सकिन्छ भन्ने बारेमा प्रत्याभूत गरेको छ । मलाई लाग्छ यसकै जगभित्र यो ऐनको प्रस्तावनाले पारदर्शीताको कुरा गरेको छ, जवाफदेहिताको कुरा गरेको छ , सहभागितामुलक शासन प्रणालीको कुरा गरेको छ, नागरिकमैत्री विधिको कुरा गरेको छ, रुल अफ ल विधिको शासनको कुरा गरेको गरेको छ, भ्रस्टाचार अन्त्य गर्ने कुरा, सुशासन प्रत्याभूत गर्ने कुरा, चुस्त प्रशासन निर्माण गर्ने कुरा धेरै कुरा गरेको छ । त्यो भित्र पनि मैले हेरे मुख्यमन्त्री देखि मुख्य सचिव देखि कार्यालय प्रमुख सम्मको कुरा यहाँ सबै कुरा सरसर्ती हेर्दा यहाँनेर रङ छ जस्तो देखिदैन र कर्मचारी प्रशासनलाई चुस्त, दुरुस्त बनाउनका लागि ती कार्यालयहरुमा सुचनावोर्ड राख्ने देखि प्रवक्ता तोक्ने देखि सुचना दिने सम्मका कुराहरु त्यहाँ प्रत्याभूत छन । त्यति मात्रै छैन, प्रोत्साहन र पुरस्कार गर्ने व्यवस्था पनि त्हाँ गरियाछ । राम्रो काम गर्नेलाई ग्रेड थप्ने कुरा देखि प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था पनि गरिएको छ । तर म वास्तवमा यो सदन मार्फत राख्न चाहान्छु, हामी कहाँनेर चुकीराछौ हामी कुरा उठायो कि एकले अर्कालाई हिलो छ्याप्ने विषयवस्तुबाट मात्रै कुरा उठ्ने गर्छ । तर मैले सबै यो सदन समक्ष अनुरोधगर्न चाहान्छु , सत्ता पक्ष र प्रतिपक्षका दुवै मित्रहरुलाई । वास्तवमा हामी लामो समयदेखि नेपालमा दिन नसकिएको एउटा तितो यथार्थ के हो भने आज जनताले धेरै बाटो खन्न भएन, धेरै बिजुली बत्तीको पोल गाड्नु भएन, धेरै ठाउँमा पुल हाल्नु भएन कोइशन होइन, आज हामी फेरि पनि तितो यथार्थता हाम्रो सामु छ, कि

सुशासनको संर्दभमा व्यवस्था बदलियो, सरकार पनि फेरिएका छन , पटक पटक हामी चाहे सत्तापक्षको कुर्चीमा बसेको होस् चाहे प्रतिपक्षको कुर्चीमा बस्ने हो शासन प्रणालीभित्र कहि न कहि सहभागिता जनाउने नेतृत्व गर्ने अवसर प्राप्त गरेका छौ । तर हाम्रा कार्यालयहरु फेरिएका छैनन । हाम्रो मनोवृत्ति फेरिएको छैन । हाम्रा टेन्डर प्रकियाहरु फेरिएका छैनन । हाम्रा विधि मुल्य मान्यताका विषयहरु जतिसुकै कानुनमा व्यवस्था गरे पनि मैले फेरि पनि शव्द दोहोराएर लाज नमानिकन भन्न चाहान्छु हलो अड्काउने गोरु कुट्ने भन्ने एउटा बहुत मिठो उखान छ । चाहे जिल्ला प्रशासन कार्यालयको द्वारभित्र पुगियोस्, चाहे जिल्ला प्रहरी कार्यालयको द्वारभित्र पुगियोस् । या कुनै विकासे अड्डाको द्वारभित्र पुग्नुस् , वास्तवमा हाम्रो मनोवृत्तिमा कुनै च्यान्ज छैन । यसको अर्थ कि कलमै चोव्न तयार नहुने म त भन्ने गर्‍याछु धेरै ठाउँमा थाइ भएवापत जागिर आइहाल्छ, ६० बर्ष पुगेपछि पेन्सन पाकिहाल्छ तैले काम गरिनस् दण्डीत भइस् भनेर हामीले अहिले एक जना कर्मचारी निकालेर दण्डीत गर्‍या स्थिति छैन । थाइ भयो कि ६० वर्षका निम्ति उसले लाइसेन्स प्राष्त गर्‍यो । अनि कुनै काम नागरिकले लिएर जान्छ  तर कि अख्तियार देखाएर कि कुनै वाहाना देखाएर कि कुनै कानुनका कुनै कमा र फुलिस्टप देखाएर कलमै चोविदैन । कलम चोविएछ भने पनि काम गरेवापत फेरि पनि ..... गर्नुपर्ने पिडाबाट नेपाली जनता मुक्त हुन सकेनन । प्रदेश सरकारले सुशासनको कुरा गर्‍याछ, केन्द्रिय सरकारले सुशासनको कुरा गर्‍याछ । हामी भ्रस्टाचारीमुक्त शासन बनाउने भनेका छौ फेरि पनि देखिरहनु भएको छ, बेला बेलामा रवि लामिछाने जस्ता प्रकरणहरु किन आइरहेका छन भन्दा हामी म म भन्नुपर्छ हामीले यो व्यूरोक्याट्लाई त्यो निजामति सेवा ऐनमा छिरेपछि कहिले पनि दण्डीत गर्न नसक्ने खालको जुन एउटा कानुन बनाएर त्यसैको पेरिफेरिभित्र सुशासन दिन खोज्दैछौ यो ऐन भित्रपनि कहि कारवाही गर्ने कहि तलमाथि गर्न सक्ने कुरा आज एकचोटी प्राइभेट निजी र सरकारी स्कुलको बीचको टेयाली गरौ कहाँनेर समस्या छ मलाई लाग्छ पोलिटिकल समस्या मात्र होइन, नीजि स्कुलभित्र हायर एण्ड फायरको कारवाहीको व्यवस्था गल्ती गरे कारवाहीमा पर्छ । सुशासन छ । गुणस्तर छ । आज सरकारी क्षेत्रभित्र पनि कर्मचारीको अपर्याष्तता होइन, ऐनको अपर्याष्तता पनि होइन, तर मनोवृत्ति लामो समयदेखि गाँजिएको छ । त्यो मनोवृत्ति कहि न कहि विभिन्न ढंगले भेन्टीलेट भई माथि देखि तलसम्म तेले एकदम मजबुतीकरण गरेर बसेको छ र आज पनि हामीले यो ऐन पल्टाउदा अत्यन्तै मलाई वास्तवमा विहान यो ऐन हेरिसकेपछि मैले आज थोरै बोल्ने रुची किन जाग्यो भन्दा हामी सबैभन्दा धेरै छलफल गर्नुपर्ने

माथापिछि गर्नु पर्ने विषय भनेको गर्भनेन्स नै हो । जबसम्म सुशासन दिन सक्दैनो, जबसम्म जनतालाई सरकारी कार्यालयको भित्र या मन्त्रालयको भित्र जादा एकदम जनता फेरेण्डी भएर चाहि सर्विस दिन सक्दैनौ एकचोटी प्राइभेट बैक र सरकारी बैक हेरौ त, एकचोटी हाम्रा सरकारी कार्यालय र कुनै एउटा क्लवको कार्यालय हेरौं त, ३ जनाले गर्ने काम सरकारी बैकमा २० जना कर्मचारी छ । सर्विस् पाउनुहुन्न तर ५ जनाले त्यो भन्दा एड्भान्स सर्विस् दिइराछ । यसका पछाडि कहाँनेर हामी चुकीराछौं । त्यसका पछाडि मलाई जहाँसम्म लाग्छ कर्मचारी नियुक्ति प्रक्रियामा हामी कहिं न कहि त्रुटीमा छौं । हामी पोलिटिकल पार्टीहरु एकदम म, म भन्नुपर्छ हामी आज पनि सरुवा, बढुवा आदि इत्यादि आस्था भरोसाका आधारमा आड भरोसाका आधारमा यो वा त्यो ढंगले गर्ने गर्छौ । कहि न कहि हामी चुकीराछौं । त्यसकारण यसबेला ठीक ऐन आएको छ । मलाई लाग्छ यो ऐन प्रक्रियामा पास गर्ने भन्दा पनि मैले फेरि पनि विधायन समिति माथि जाला यसको बारेमा गंभीर बहस गर्न जरुरी छ । गंभीर छलफल गर्न जरुरी छ । सैद्धान्तिक हिसावले ठीक बेला ठीक समयमा आएको छ । तपाई हामी सबै राजनीतिक दलमाथि राजनीतिककर्मी माथि सबै राजनीतिक परिवर्तनका निम्ति उभिएका राजनीतिक दलहरु माथि बहुत ठुलो प्रश्न छ जनताको । त्यसकारण हामीपनि अनुभूति गर्‍याछौ । म पनि एउटा सांसद मैले कार्यालय प्रमुखलाई फोन गरेर काम हुदैन । अलि तलबाट जानुस् यो विधिबाट हुन्छ भनेर जनतालाई सिकाएर पठाउँ कि नपठाउँ, पठाउँ लाज लाग्छ, नपठाउँ माथि भनेर काम हुदैन । तलबाट पठाउँ काम म भन्दा छिटो हुन्छ । यो विधि प्रणाली यो बीसौं वर्ष तीसौं वर्ष देखि

झ्याङ्गीएर बसेको छ, मलाई लाग्छ यो सरकार कानुन निर्माणको संर्दभमा कहाँ कहा तलमाथि गर्नु पर्ला निर्मम छलफल गरौ हाम्रा वर र व्यवहारमा कहाँ कहाँ समस्या छ गंभीर छलफल गरौ यदि यो कोणबाट हामी चिरफार गर्न सकेनौ भने मलाई लाग्छ नेपाली जनताका उपलब्धी माथि जनताले प्रश्नचिन्ह खडा गर्ने छन, तपाई हाम्ले दिन खोजेको सुशासन प्रत्याभूति हुने छैन, लोकतन्त्र भनेको रुल अफ ल विधिको शासन भनेर भन्छौ, जनताले जवसम्म विधिको शासन रुल अफ ल प्रत्याभूत गर्ने छैनन अनि कसैले मेडियामा भनेवापत कसैले कुनै अर्को कानुनको बाटो होइन, अर्को कुनै बाटो अख्तियार गनेवापत काम हुने स्थिति जुन बनेको छ यलाई अन्त्य गर्नुपर्छ । मलाई लाग्छ यो ऐनले अन्त्य गर्ने दिशामा आफ्ना कदमहरु अगाडि बढाउने प्रयत्न गरेको छ। गण्डकी प्रदेशलाई म सुशासन दिन्छु भन्ने प्रयत्न गरेको छ । म सरसर्ति सबै

बुँदा हेर्दा नीतिगत ढंगले यसले धेरै कुराहरु व्यवस्थापन गरेको छ । तर मैले नपाएको अर्को कुरा के भने सुशासन खलबलिदा गर्ने के, अरु सबै गर्दा गर्दै पनि बद्मासी गर्नेलाई समात्ने के भन्दाखेरीमा हामी बहस गर्न जरुरी छ । आगामी दिनमा यसको दफावार छलफल माथि भाग लिने कुरा राख्दै सैद्धान्तिक रुपमा समयमै यो विधेयक आएको छ । हामी एक वर्ष मात्र बिताएकाछौ । कम्तिमा यो चार वर्ष मुलुकका सात वटा प्रदेश मध्ये यो गण्डकी प्रदेश यसका कार्यालयहरु फेरिएको अनुभूति गर्न सकौ, हाम्रा मन्त्रालयहरु फेरिएको अनुभूति गर्न सकौ, हाम्रा शैक्षिक संस्थाहरु फेरिएको अनुभूति गर्न सकौ त्यहामात्रै सुशासनको प्रत्याभूति हुनेछ । यो मैले कुनै सत्तापक्षको हिसावले होइन, कुनै प्रतिपक्षको हिसावले होइन किन यो नेपाली जनताको साझा चुनौती हो, सिंगो राष्ट्को चुनौती हो । यो राष्ट्को चुनौती सामाना गर्नको निम्ति हामी सबै मिलेर मात्रै संभव छ । त्यसका निम्ति तयार रहौ भन्ने कुरा राख्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखज्यु,**

माननीय सदस्य श्री मणीभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री मणीभद्र शर्माज्यु,**

माननीय सभामुख महोदय, ढिलो गरी  गण्डकी प्रदेश सरकार सुशासन दिनका लागि प्रयत्नशील देखिन्छ । मन्त्रीपरिषदको गठन लगतै यस्ता कुराहरु व्यवस्थित गरेर लागेको भए राम्रो हुन्थ्यो कि भन्ने मलाई लाग्यो । नेपालको इतिहासमा २०४६ सालको परिवर्तन पछि कृष्ण प्रसाद भट्राई प्रधानमन्त्री हुदा कर्मचारीहरुलाई फकाई फकाई एक वर्ष भित्रमा संविधान पनि जारी गराउने निर्वाचन पनि गराउने काम सफलतापूर्वक संपन्न गरेको एउटा अवस्था र बाबुराम भट्राई फेरि अर्को भट्राई त्यही गोर्खाली भट्राई प्रधानमन्त्री र अर्थमन्त्री भको बेलामा कर्मचारीले फकाई फकाई आफ्ना टारगेटहरु अलिकति पुरा गरेको बाहेक अरु सष्पै सरकारहरु सरकार प्रमुखहरु कर्मचारीहरुसित बिच्कीएको कता कता साथ नपाएको या यस्तै यस्तै गुनासाहरु नेपालको इतिहासमा चलेका छन । यो अहिले आएको विधेयकमा मैले ससर्ति यलाई बुँदागत रुपमा दफावार जान खोजिन किन भन्दा दफावारको  पनि सैद्धान्तिक कुरा मात्रै गर्छु । मैले यलाई अलि बुँदागत भन्न चाहे यो विधेयक मन्त्रीपरिषद गठन लगतै कार्यारम्भ गर्नुपूर्व आउन पर्ने जस्तो पनि बुझिन्छ एउटा कुरा । यो

विधेयकले सैद्धान्तिक रुपमा आजका दिनसम्म संपादन भइरहेका गरिरहेका कार्यहरु प्रति गंभीर असंतुष्टी वा त्रुटी रहेको अवस्था प्रकट हुन्छ । उपरोक्त कुरामा सहमति भएमा आज दिनसम्मको मुल्यांकन गरी भैगरेको कमीको मूल्यांकनको मार्कसमेत यले सैद्धान्तिक रुपमा माग गर्दछ । र चौथो कुरा प्रस्तावनामा उल्लेख गरेको भाव अनुसार यो व्यवस्था अझ बढी खर्चिलो झंझटीलो हुने आशंका बढाएको छ । घुमाउरो पाराले मुख्यमन्त्रीज्युले यो विधेयक तयार गरिरहदाखेरी मन्त्रालयका पदाधिकारीहरु र विभागिय प्रमुखहरुलाई अलिकति बाध्न खोजे जस्तो पनि यो विधेयक मार्फत भन्न खोजे जस्तो पनि देखिन्छ । घुमाउरो पाराले विधेयक मार्फत भन्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भर यो अहिले प्रस्तुत गरियो कि, भन्ने पनि यो बाट राम्रोसँग बुझिन्छ । धारा उपधाराहरुलाई राम्रोसँग विवेचना गर्दा कयौ ठाउँमा बाझिएका पनि छन । अझ बल्झीने खालका पनि छन । र अलिकति हत्तपत्तमा आएको जस्तो पनि देखिन्छ । अरु अरु विधेयकहरु पनि हत्तपत्तमा भाषा आदी प्रसंग नमिलाए जस्तै यसमा पनि देखिन्छ । र यो पदाधिकारीहरु अधिकृतहरु र मुख्यमन्त्री आफैमा बसेर एउटा आचारसंहीता बनाएको भए हुने जस्तो पनि छ । यो आचारसंहीता जस्तो जस्तो पनि छ । यो गरम भन्ने छ । र यसले गर्दाखेरी यो सुशासनको दुरगामी प्रभाव सुशासन दिनका लागि दुरगामी प्रभाव यो विधेयकले पार्ने भन्दा झन हलुङ्ग्याउने हो कि भन्ने डर पनि यले उत्पन्न गरेको छ । एक ठाउँमा करारको कुरा उठाइएको छ । त्यो बहुत महत्वपूर्ण कुरा हो । तर त्यो करारको उपलब्धी भएन भने के गर्ने भन्ने कुरामा बोलेको छैन । काम करारका रुपमा दिने भन्ने छ, युरोपीयन कन्ट्रीहरुमा करारका माध्यमबाट राम्रो विकास भाको हो । कामहरुलाई करारका रुपमा दिदाखेरी बहुत राम्रो रिजल्ट आएको थियो ती राष्ट्हरु संपन्न भएका थिए । यहाँ पनि त्यो कन्सेप्ट भित्रिएको छ । तर करार गरिएको असफल भयो भने के गर्ने भन्ने कुरामा मौनता देखिएको छ । यिनै कुराहरु राख्दै आफ्ना भनाईहरु अन्त गर्दछु । धन्यवाद । जयनेपाल ।

**माननीय सभामुखज्यु,**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री पियारी थापाज्यू,**

समयको लागि धन्यवाद, सभामुख महोदय ।

सुशासनको मुख्य तीन घटक जिम्मेवारीता, जवाफदेहिता र पारदर्शीता हो । तर यी संगठकहरुले पर्याप्त रुपमा काम गर्न सकेका छन त, अहिलेको परिस्थितिमा एकदमै सोचनिय परिस्थिति छ । एकदमै विचारणीय यो परिस्थिति छ । त्यसकारणले हामीले हाम्रो छातीमा हात राखेर सोचौ वास्तवमा यी संगठकहरुले किन काम गर्न सकिरहेको छैन, के कारण छन त्यसका निमित्त, ती कारणहरु पहिल्याउनुपर्ने आवश्यकता छ त्यसकारणले म गण्डकी प्रदेश सरकारलाई त्यो कारणहरु पहिल्याउनको निमित्त विशेष अनुरोध गर्न चाहान्छु । सुशासन विधेयक प्रदेशवासीहरुमा सुशासनको प्रत्याभूति गराउने राज्यको हरेक अंगलाई जवाफदेहिता, जिम्मेवारीता निभाउदै पारदर्शी शासन व्यवस्थाको संचालन गर्ने अभिप्रायको साथ आएको हो भन्ने मैले बुझेको छु । त्यसकारण यो गण्डकी प्रदेश सरकारलाई विशेष विशेष धन्यवाद दिन चाहान्छु र यी सुशासनको कुरा आउने बित्तिकै यी सँग जोडिएर आएको कुरा यो जो जस्तै भ्रस्टाचार, अनियमितता, ढिलासुस्ती, आलटाल जस्ता विषयवस्तुहरुको जस्ता यावल कुप्रथाहरुलाई हटाउनको निमित्त गण्डकी प्रदेश सरकार कत्तिको सफल हुन्छ, भन्ने विषय त हेर्न बाँकी नै छ । आज कागजी प्रकिया मिलाएर राज्यको ढुकुटी सीमिति व्यक्तिहरुको आनवान सानको प्रतिमूर्ति बनिरहेको छ । पहुचवाला, बोलवाल तथा ठालुको पक्षमा देखिएको छ । न्यायोर्ोचित वितरण समावेशीता जस्ता अति सुन्दर पक्षहरु आज यी र यस्तै प्रवृत्तिहरुको बीचमा धुमलिएको छ । त्यसकारण राज्यका हरेक अंगहरुलाई जनमुखी, न्यायोचित, वितरणमुखी र सकारात्मक विभेदको सिद्धान्तलाई अंगिकार गर्दे राज्यको मुल धारमा आउन नसकेका संपूर्ण जात, जाती, वर्ग, क्षेत्र, लिङ्गलाई प्रतिनिधित्व समानुपातिक समावेशीताको आधारमा गराउनका निमित्त यो विधेयक सफल बन्नुपर्छ मैले त्यो कुरा राख्न चाहान्छु र सेवाग्राहीलाई आलटाल गर्ने, सानो भन्दा सानो कमजोरीमा महिनौ दुख दिइरहने, सेवाग्राहीसँग राम्रो कुरा गर्न नचाहाने र आफुले जनताको सेवकको रुपमा भन्दा पनि एउटा आफुलाई शासकको रुपमा प्रस्तुत हुने, प्रस्तुत गर्न रुचाउने

संपूर्ण पक्षलाई एउटा राष्ट्भक्ति भाव जगाउने कार्यमा यो विधेयक सफल होस् भन्ने पनि मैले शुभेच्छा व्यक्त गर्न चाहान्छु । आज सार्वजनिक क्षेत्र सार्वजनिक यो सेवा प्रदायक संस्थाहरु चुस्त, दुरुस्त गतिमा अगाडि बढ्न नसक्दाखेरी विकासको गति अत्यन्तै गिर्दो अवस्थामा छ, त्यस्तो कारणले यी विकासका गतिहरुलाई चूस्त, दुरुस्त रुपमा अगाडि बढाउनका निमित्त यो विधेयक सफल बन्नुपर्छ म यो  आशा गर्न चाहान्छु र अहिले वास्तवमा सिष्टमले काम गर्न नसक्दाखेरी यो प्रकारको बेथितिहरु आइरहेको छ । अहिले सिष्टमले काम गर्दा पनि तिकडमले काम गरिरहेको छ । त्यसकारणले गर्दा यी टिकडमहरुलाई हटाउनका निमित्त र एउटा सिष्टमको प्रत्याभूति सिष्टमले काम गर्ने नेपालको सार्वजनिक यो प्रणालीहरुलाई यो सिष्टमको माध्यमबाट अगाडी बढाउनका निमित्त पनि यो विधेयकले महत्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने मैले अपेक्षा राख्दै मेरो भनाईहरु अन्त्य गर्ने अनुमति चाहान्छु  धन्यवाद ।

**माननीय सभामुखज्यु,**

माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री प्रभा कोइरालाज्यू,**

सभामुख महोदय, २०७६ साल ६ महिना ६ गतेका दिन गण्डकी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्री हरि बहादुर चुमानज्युले यस सम्मानित सभामा पेश गर्नु भएको गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने संवन्धमा व्यवस्था गर्न बनेको विधेयक यस सभामा पेश भैसकेको छ । विश्वका जतिपनि मुलुक हामीले सुन्यौ, बुझ्यौ, प्रत्यक्ष देखेर अनुभूति गर्ने मौका पायौ । आज हामी हाम्रो देश यस्तो भए हुने थियो, त्यस्तो भए हुने थियो भनेर हजारौ आकलन गर्दैछौ । नेतृत्वलाई तथानाम भन्न समेत पछाडि परिरहेका छैनौ । यसैबेला गण्डकी प्रदेशमा यो विधेयक पेश भएको छ ।  नेपालको संविधानको धारा ५१ को खण्ड (ख) बमोजिम सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्षता एंव पारदर्शीता कायम गर्ने सवालमा सरकार सदा जनउत्तरदायी रहनुपर्छ र यसका साथै शान्ति विकास र समृद्धिका निम्ति जनसहभागिताको सुनिश्चितालाई अभिबृद्धि गर्न जरुरी हुन्छ । यस विषयमा सरकार सचेत भएर यो विधेयक ल्याएको छ ।

सभामुख महोदय, राज्यबाट प्रभावित हुने सेवा सुविधामा जनसमुदायको समान पहुचलाई सुनिश्चित गर्न नसक्दा सुशासन कायम रहन सक्दैन । यसै सवाललाई मध्यनजर गरी समग्र शासकिय प्रणालीमा सुधार गर्न र सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, पारदर्शी, मितव्ययी एंव भ्रस्टाचारमुक्त बनाउन सेवामुखी तथा उत्तरदायी बनाउदै जानुपर्ने दायित्व राज्यको हो । अतः यहि दायित्व निर्वाह गर्न गराउन गण्डकी प्रदेशको सरकारको तर्फबाट प्रस्तुत विधेयक अत्यन्त सान्दर्भिक, समय अनुकुल छ भन्ने मैले विश्वास लिएकी छु । सभामुख महोदय, संविधानद्धारा नै राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्वको बारे परिक्षेद् २ मा स्पष्ट सँग तोकी व्याख्या समेत गरेको छ । प्रशासन संचालन संवन्धि सामान्य प्रस्तावनाहरु विभिन्नस्तरमा कार्यसंपादन बारे, विषयगत मन्त्रालय बारे प्रशासनिक कार्यसंचालनका आधार प्रदेश सरकारले अख्तियारी गर्ने विभिन्न समाजवाद उन्मुख स्वतन्त्र समृद्ध अर्थतन्त्रको विकास सामाजिक न्याय, पर्यटन प्रवर्द्धन, महिला सशक्तिकरण, दिगो विकास, वातावरण संरक्षण, जनजाती, दलित तथा आर्थिक, सामाजिक रुपमा पिछडिएका वर्गको उत्थान, दुर्गम क्षेत्र विकास तथा संतुलित क्षेत्रिय विकास प्राकृतिक तथा अन्य श्रोतसाधनको दिगो तथा कुशल व्यवस्थापन, गरिबी निवारण समृद्धि, प्रदेश सुखी नागरिक यी विषय राम्रोसँग व्याख्या गरेको छ । कार्यान्वयनमा अव नेता, कार्यकर्ता, जनता सबैले यसलाई सरोकारको विषय बनाउनुपर्छ भन्ने मैले विश्वास लिएको छु । सभामुख महोदय, परिच्छेद ३ ले प्रशासनिक कार्यको संचालन तथा जिम्मेवारीका व्यवस्था गरेर दायित्व वोधको सुनिश्चितता गर्न गराउन विशेष व्यवस्था गरेको छ । परिच्छेद ४ ले प्रशासनिक कार्यसंपादन गर्दा अपनाउनुपर्ने कार्यविधि व्यवस्थापन गरेबाट सरल, सहज पहुँचताको स्थितिमा सुनिश्चितता गरेको महसुस गरेकी छु । जस्तै निश्चित कार्यविधि अवलम्वन गर्ने, निश्चित समय अवधिमा निर्णय गर्ने, पारदर्शीता कायम निर्णय गर्दा आधार र कारण खुलाउनुपर्ने, स्वार्थमा बाँझिदा निर्णय गर्न नहुने विषय समेत निर्णय गर्न नहुने विषयसमक्ष चित्त नबुझ्दा ३५ दिनसम्म पुर्नविचार गर्न मिल्ने विषयलाई समेत संवोधन गरेको छ । यस अर्थमा यो विधेयक आफैमा महत्वपूर्ण बनेको छ । सभामुख महोदय, परिच्छेद ५ मा विभिन्न गतिविधि जनताले विभिन्न विविध जनताले सुशासनको प्रत्याभूति गर्न नसकेको पदीय उत्तरदायित्व

निर्वाह गर्न नसकेको हो भन्ने विषयले मलाई सदा घोचिरहेको बेला यो विधेयक आएको छ म विश्वस्त छु कि, अब राम्रो हुन्छ भन्ने बारेमा । नागरिक वडापत्र राख्ने विषय, घुम्ती सेवा संचालन न्यायोचित ढंगले सेवादिने जनता जनसहभागिताको स्वामित्व बारे शासकिय सुधार, ईकाइ स्थापना, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन बारे विभिन्न दफा र उपदफामा व्याख्या गरेको छ । हेलो मुख्यमन्त्रीको व्यवस्था समेत व्यवस्थापन गरेको छ । यस अर्थ पनि यो विधेयक लाभदायक छ भन्ने महसुस गरेको छु । विशेषकक्षको व्यवस्थापन अहस्तक्षेप प्रवक्ता तोक्ने बारे सुचना प्रविधि व्यवहारीक बनाउने अनुगमन जस्ता विषयलाई पनि महत्व दिएको छ । सरकारी कार्य पद्धौटे र सरकारी कार्यालयको निरीक्षण बारे तोकिएअनुसार सुविधा दिने बार्षिक प्रतिवेदन सुचक असल नियतले नगरेको कामको बचाउ बारे नियम बनाउने अधिकार समेत यसले मार्ग स्पष्ट गरेको छ । ऐन बमोजिम हुने भन्ने विषय स्पष्टताकासाथ व्याख्या गरेको छ । यसअर्थ नागरिकको अधिकारलाई व्यवहारमा उतार्न कानुनी व्यवस्था गर्न सरकार तत्पर रहेको महसुस गरेको छु । दफा ८,९,१०,११ र १२ ले मन्त्री, प्रमुख सचिव र सचिव विभागिय प्रमुखको जिम्मा स्पष्ट तोकेको छ र यसैका कारणले पनि अहिलेसम्म हुने गरेका ढिलासुस्ती, अलापरवाहीहरुलाई कन्ट्रोल गरेर जनमुखी बनाउन सकिन्छ यो विधेयकलाई भन्ने महसुस गरेको छु । दफा १४,१५,१९ मा प्रशासकिय कार्यसंपादन गर्न अपनाउने कार्यविधि स्पष्ट पारेको छ । दफा २४, २५, २६, २७, २८ र २९ मा सबैले देख्ने गरी स्वच्छ पारदर्शी ढंगले जनताले महसुस गर्ने गरी व्यवस्थापन गरेको छ । दफा ३४, ३६, ४१ ले सबै दफा मा रहेर कार्यपरामर्श, अनुशासित, पारदर्शी ढंगले गर्ने व्यवस्था आफैमा ओजनदार छ । सभामुख महोदय, यस प्रस्तावित विधेयक माथि गहन छलफल र गहन सुझावका साथ पास गर्न गराउन सम्मानित सबै माननीयज्युहरुलाई अनुरोध गर्दे यो विधेयक गण्डकी प्रदेश कै ऐतिहासिक एंव पूर्ण उपलब्धीमुलक कामयावी दस्तावेजको रुपमा काम गर्न गराउन म विशेष अनुरोध समेत गर्दछु र मेरो पार्टी र मेरो व्यक्तिगत तर्फबाट यो विधेयक ल्याएकोमा सरकारलाई हार्दिक हार्दिक धन्यवाद दिदै यो विधेयकको समर्थनमा मैले केहि सुझावहरु राख्ने मौका पाए हार्दिक धन्यवाद । नमस्कार ।

**माननीय सभामुखज्यु,**

माननीय सदस्य श्री बिन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री बिन्दुकुमार थापाज्यु,**

सभामुख महोदय, गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने संवन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर हामी सैद्धान्तिक पक्षमा छलफलमा जुटीरहेका छौं । प्रदेश सरकार अन्तर्गतको सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही, सहभागितामुलक र नागरिकमैत्री बनाउन विधिको सुशासन भ्रस्टाचारमुक्त र चुस्त प्रशासन, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र सार्वजनिक श्रोतको कुशल व्यवस्थापनका माध्यमबाट सर्वसाधरणले पाउनुपर्ने सेवा छिटो छरितो तथा कम खर्चिलो बनाउन सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतार्न आवश्यक भएकोले यो विधेयक ल्याइएको हो भनिएको छ । सरकारी कामकाज छिटोछरितो नहुनु लगानीमैत्री, विकासमैत्री तथा सेवाग्राहीमैत्री अन्य कानुनको निर्माण हुन नसक्नुले पनि कुशासन र भ्रस्टाचार मौलाएको छ । हामीले सुझाव राख्छौ त्यो सरकारले एउटा कानले सुन्ने अर्को कानले उडाउने काम भएको छ । भ्रस्टाचार, कुशासन, अपारदर्शीता, विधिको शासन नहुनु , न्यायलयबाट छिटोछरितो न्याय पाउनु पनि अर्को एउटा समस्याको रुपमा देखिएको छ । यी सबै विकास विरोधी गतिविधिहरु हुन । कहिले काही त मलाई बच्चा खेलेजस्तो पनि लाग्छ । हामीले बोल्ने अवसर पाउछौ बोल्छौ त्यो सुझाव असल हुन्छन, राम्रो हुन्छन तर सुनुवाई हुँदैन। सरकारले जस्तो ल्याउछ त्यस्तै पास हुन्छ । त्यसोभएपछि हामीले यहाँ थोत्रागाला बजाउनु मात्रै हो । विधेयक, ऐन, कानुन राम्रा आउछन । विधेयक ऐनमा भएका शब्द चयन राम्रा छन तर हामी कहाँ कार्यान्वयन हुदैन । विधेयकमा जे आएको छ त्यस्को ठीक उल्टो काम हुन्छ । त्यो रोक्नुपर्‍यो । विधेयकको अक्षरशः पालना र कार्यान्वयन हुन जरुरी छ । सभामुख महोदय, एउटा सामान्य निर्माण कार्य, योजना, सडक, खानेपानी, पुल, सिचाई आयोजना, टोल विकास संस्था, विधालय व्यवस्थापन समितिको प्रमुख को कताको छ भनेर हेरिन्छ । र फेरेर ल्याउ भनिन्छ । नसच्चीएर आएसम्म यदि फरक पार्टीको प्रमुख छ भने त्यो योजना कार्यान्वयनमा वडा

बाटै सिफारिस आउदैन । योजना अघि बढ्ने त कुरै भएन । अनि काम हुन्छ भने ल गरौ न त भन्नेतिर जनता लाग्नुपर्छ । यसले विकासको गति कता लैजाला ? मतलव विकासमा पनि राजनीति भइरहेको हाम्ले पाएका छौ । सभामुख महोदय, भ्रस्टाचार यो प्रदेश कै रोग हो । कास्कीमा सबैभन्दा बढी भ्रस्टाचार भएको यो तथ्याङले पनि देखाइसकेको छ । संस्थागत छ र यो घटेको छैन । संघीयता पछि झन मौलाएको छ । म आफु व्यवसायिक फिल्डबाट आएको हुँदा धेरै मलाई थाहा छ, अब त भ्रस्टाचार कुन कार्यालयमा हुन्छ भन्दा पनि कुन कार्यालयमा हुदैन भन्नुपर्छ । हामीले आर्थिक लेनदेन नदिएको खण्डमा एक दिनमा हुने काम छ महिना उस्तै परे हुदैहुदैन । अनि बाध्य भएर उहाँ कर्मचारीले भने अनुसार सेवाग्राही चल्नुपर्ने हुन्छ । हो हामीलाई थाहा छ, घुस खाने मात्रै होइन, घुस दिनु पनि अपराध हो । तर सेवाग्राही बाध्य हुन्छन र बाध्य पारिन्छ र अको
यो सुशासनको कुरा गरिरहँदाखेरी असारे विकास यसपाली पनि कायमै रह्यो । यले गर्दाखेरी पनि जनताहरुमा अझ नैराश्यता फैलिएको हामीले तिरेको टेक्सको सहि रुपमा सदुपयोग नभएको महसुस गरिराखेको हामीले पाएका छौ । यो तर्फ पनि सरकारको ध्यान जानुपर्छ भन्ने मलाई लाग्छ । अर्को एउटा दुइटा मैले बुँदागत रुपमा पनि राखेको छु । प्रदेश सरकारले विकास तथा योजना समानुपातिक रुपमा वितरण अलिकति आस्थाको आधारमा अथवा पक्षपातपूर्ण रुपमा गरिराखेको छ त्यो पनि सुशासन हो जस्तो मलाई लाग्दैन । यलाई पनि हामीले कुशासन नै भन्नुपर्छ । किनभने विकास निर्माण का कुराहरु समानुपातिक रुपमा वितरण हुनुपर्छ भन्ने मलाई लाग्छ र अनुगमन गर्ने निकाय जनताहरुलाई न्याय दिने निकायहरु हो, जस्तो संपत्ति शुद्धिकरण, अख्यिार अनुसन्धान आयोग, न्यायीक निकाय नै रोगी छन । चौतर्फी उपचार गर्न जरुरी छ । प्रदेश सरकारले विधेयक ल्याउदा जस्तो ल्यायो उस्तै पास हुनपर्छ भन्ने मानसिकताले ग्रसित भएको हामीले पाएका छौ । अतः आशा गरौ यो विधेयकको कार्यान्वयन राम्रो रुपमा होस् भ्रस्टाचार गर्ने व्यक्ति संस्थाहरु भ्रस्टाचार गर्न डराउने छन अनि सुशासन, विधिको शासन र भ्रस्टाचारमुक्त प्रशासन तथा समाजको सिर्जना गर्न सकियोस् यिनै कुराहरु राखेर म विदा हुन्छु । धन्यवाद । जयनेपाल ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्य श्री धनमाया लामा पोखेललाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री धनमाया लामा पोखेलज्यू,**

............. कले अफ गरिदिएछ । भनेको छ, यसमा चाहि कायम थप्नुपर्छ भन्ने मलाई लाग्छ है मेरो प्रस्ताव गरे । र असल शासन र कुशल प्रशासन नै गुड गर्भनेन्स हो । र सुशासन राज्य संचालनको एउटा महत्वपूर्ण अंग हो र हामीले शासन व्यवस्था संचालन गरिरहदा र हाम्ले यो विधेयकहरु यो प्रदेशसभामा प्रस्तुत गरिरहदा एकपटक शासन संचालन गर्ने हामी अथवा कोही कोहिले हामी सबैले यसलाई मनन र व्यवहारमा लागु गर्नपर्छ भन्ने मैले सर्वप्रथमत अनुरोध गर्न चाहे । सुशासन कायम हुनका निमित्त कानुनको पूर्णरुपमा पालना हुनपर्छ । जनमुखी, पारदर्शी सरकार हुनपर्छ र तिब्र गतिमा विकास हुनपर्छ र अनुशासनको पूर्णरुपमा पालना हुनपर्दछ र भ्रस्टाचाररहित समाजको निर्माण गर्न हामी अगाडि बढ्नपर्छ तवमात्र सुशासन हाम्ले भन्ने गरेको हरेक पार्टीले लगाउने गरेको समृद्धिको नारा र हामी सुखीनेपालीको परिकल्पना गरिएको छ, जबसम्म देशमा सुशासन कायम हुदैन, तवसम्म देशमा शान्ति र समृद्धि नहुने मलाई त्यो लाग्छ र त्यो हामीले अब आफ्नो ठाउँबाट सुशासन कायम गरेर हरेक क्षेत्रमा प्रशासन, मन्त्रालय लगाएत सबै क्षेत्रमा सुशासन कायम  गर्न सके मात्र देशले विकासको गतिलिन सक्छ भन्ने मलाई लाग्छ र संघीयता, सुशासन, समृद्धि हुदै समुन्नत समाजवादको परिकल्पना गरिरहेको बेलामा यो सुशासन हुन एकदम आवश्यक छ । र दिगो विकासको लक्ष हासिल गर्न पनि सुशासनले पनि एउटा महत्वपूर्ण भूमिका खेल्दछ । र यो सुशासन विधेयक करिव प्रदेश सरकार निर्माणको डेढ वर्ष पछि आयो एकदमै स्रहानिय पक्ष हो यो विधेयक आउनु मात्रै ठुलो कुरा होइन मैले यहाँ विधेयकलाई सरसर्ति पाइसके पछि हेरी पनि सके र यो विधेयक अझ हलुको आएको हो कि भन्ने मैले महसुस गरे । हामीले अव यो विधान समितिमा यसलाँई दफावार छलफलको रुपमा पनि अब गहन छलफल गर्नेछौ । हाम्ले यस विधेयकलाँई अक्षरशः पालना गरेर हामीले समाजवाद उन्मुख अर्थतन्त्रलाई अंगिकार गरेर अगाडि बढिराखेका छौ । यसमा सुशासन कायम भयो भने यसको अक्षरशः पालना भयो भने देशमा अवश्य पनि समृद्धि हासिल हुनेछ । र हामीले

परिकल्पना गरेको समाजवाद पनि लाग्छ अब हाम्रै पालामा नभए पनि एक दुई दशक पछाडि केहि समय पछाडि आउछ भन्ने मैले आशा लिएकोछु र यसको अक्षरशः पालना गर्न म सबैलाई अनुरोध गर्दै मेरो भनाई यहि अन्त गर्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्य श्री धनन्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री धनन्जय दवाडीज्यू,**

सभामुख महोदय, गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने संवन्धमा बनेको विधेयकको सैद्धान्तिक छलफलमा रहेका छौ । यो सैद्धान्तिक छलफलमा उभिरहदा सुशासनको प्रत्याभूतिको निमित्त जवाफदेहिता एउटा आधार हो । जवाफदेहिता लोकतान्त्रिक शासन पद्दतीको आधार हो । जवाफदेहिपनले विधिको व्यवस्था, विधिको कार्यान्वयन र लोकतन्त्रलाई बलियो बनाउछ । जनप्रतिनिधिहरु, सार्वजनिक पदाधिकारीहरु र सरकारी कर्मचारीहरुलाई दिएको जिम्मेवारी पूरा गर्ने गरी सार्वजनिक रुपले उत्तरदायित्व लिन सक्ने बनाउनु नै जवाफदेहिता हो, सुशासन हो । यदि सार्वजनिक हिसावले उत्तरदायित्व लिन सकिएन, जवाफदेही बनाउन सकिएन भने त्यहाँ सुशासनको प्रत्याभूति गर्न सकिन्न । यो विधेयक सार्वजनिक उत्तरदायित्व लिने गरेर आको मैले पाएको छु । सार्वजनिक जवाफदेहिताले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका लाई पनि समेट्छ । संयक्तरुपमा समेट्ने गर्दछ । विधिले व्यवस्था गरे बाहेकका कुनै पनि सार्वजनिक विषयमा नागरिकको पहुँच हुनुपर्छ । नागरिकको पहुँच छैन भने हामी ले जवाफदेहीपनलाई कार्यान्वयन गर्न सक्दैनौ । जवाफदेहितालाई यसरी हेरौ पारदर्शीता, सुशासन नैतिकता र विश्वसनियता कायम गर्नुपर्छ । यसो गर्न सकियो भने चाहि लोकतन्त्रलाई बलियो बनाउन सकिन्छ । लोकतन्त्रलाई जवाफदेही बनाउन सकिन्छ । लोकतन्त्रलाइ पारदर्शी बनाउन सकिन्छ । र लोकतन्त्रमा सुशासन कायम गर्न सकिन्छ । राजनीति र कर्मचारीतन्त्र एक अर्काका प्रतिस्पर्धी होइनन, एक अर्काका पूरक हुन । पूरकका ढंगले नबुझ्दा आजसम्म हामीले विगतदेखि अहिलेसम्म हामीले गरेको एउटा तितो यथार्थ के

हो भने हामीले यलाई प्रतिस्पर्धीको रुपमा हेर्‌यौ, एक अर्काका पूरक हुन यदि यी एक अर्काका पुरक भएनन भने हामी सुशासनलाई सहि ढंगले कायम गर्न सक्दैनौ । सहि ढंगले परिचालन गर्न सक्दैनौ जहाँ सुशासन हुदैन, सुव्यवस्थाहरु कायम हुदैनन । सुव्यवस्था आदेशबाट निर्माण हुने होइनन, सुव्यवस्था भाषणबाट कायम हुने होइनन, सुव्यवस्था कायम गर्नका लागि विधिको शासन, विधिको पद्दती कायम गरिनुपर्छ । यसका निमित्त जवाफदेहीपन र जवाफदेहिता जरुरी हुने गर्छ । संयुक्त राष्ट्संघले पनि भनेको छ, संयुक्त राष्ट्संघले मानवअधिकार सम्मानको कुरा विधि शासन, लोकतन्त्रको सुदृढीकरण, सार्वजनिक प्रशासनमा पारदर्शीता र क्षमता अभिवृद्धि गर्नुलाई सुशासन भन्दछ संयुक्त राष्ट्संघले । हामीले त्यो चिज त्यसका आधारमा हाम्रा कानुनहरु, हाम्रा विधिहरु, हाम्रा कार्यशैलीहरुलाई अगाडि बढाउन सक्यौ भने हामी बढी जिम्मेवार बन्न सक्छौ र लैजान सक्छौ भन्ने लाग्दछ । भारतका पूर्व राष्ट्पति अब्दुल कलामले पनि भन्नु भएको छ, पारदर्शीता सुशासनको आधार हो । स्वच्छ र विवेकमा पारदर्शीता निर्भर हुन्छ । यसकारणले यदि हामीले पारदर्शीता कायम गर्न सकेनौ भने चाही त्यहाँ सुशासनमा खाल्डो पर्छ, सुशासन भत्कन्छ, सुशासनलाई बनाउन पारदर्शीपनलाई हाम्ले जोड्नुपर्दछ । सुशासन र भ्रष्टाचार एक अर्काका विपरित हुन । जहाँ सुशासन छैन त्यहाँ भ्रष्टाचार भाको छ । जहाँ भ्रष्टाचार छ, त्यहाँ सुशासन भत्केको छ । त्यसकारणले जीवनस्तर उकास्नका लागि सुशासन आवश्यक छ । सुशासनका लागि महत्वपूर्ण कुरा राजनीति हो । जनउत्तरदायी व्यवस्थामा मात्रै सुशासनलाई सहि ढंगले अगाडि बढाउन सकिन्छ । जनउत्तरदायी व्यवस्था कायम गरेर, राज्यको क्षमतालाई अभिबृद्धि गरेर, नीति नियमको व्यवस्था गरेर हामी सुशासनलाई समेट्न सक्छौ । कार्यान्वयन गर्न सक्छौ र कार्यान्यवनको तहमा पनि पुर्‌याउन सक्छौ । यसो गर्नको लागि हामीले निरन्तर रुपको प्रयत्न गर्नुपर्दछ । हाम्रोमा यो भ्रष्टाचारका प्रश्नहरु बारम्वार उठ्ने गर्‌याछन । संघीयतामा भ्रष्टाचार बढ्यो भन्ने गरियाछ । म के ठान्छु भने संघीयतामा भ्रष्टाचार बढेको होइन, बरु यतिबेला अख्तियार बढी क्रियाशील भको हो । बढी क्रियाशीलताका कारण ठाउँका ठाउँ कारवाही भका छन । यो सक्रियतालाई वृद्धि गर्नुपर्छ । अगाडि बढाउनुपर्छ र सुशासनलाई दिगो रुपमा बढाउनुपर्दछ । यसका निमित्त बलियो सरकारको जरुरी हुन्छ । सरकारसँग बन्ने

नियम, कानुनहरु छिटो समयमै निर्माण गर्नुपर्छ । र तिनको कार्यान्वयन महत्वपूर्ण शर्त हो भन्ने लाग्छ । यसो गर्न सकियो भने हामी भ्रष्टाचारबाट गरिने भ्रष्टाचारजन्य क्रियाकलापले गरिने विधिको शासन माथिको प्रहारलाई रोक्न सक्छौ । विधिको शासन, सवभन्दा पहिला भ्रष्टचारले विधिको शासनमा प्रहार गर्छ र लोकतन्त्रलाई कमजोर बनाउछ । भष्टचारीहरुको सवभन्दा प्रहार भनेको चाहि विधिलाई भत्काउनु हो । त्यसकारण हाम्रो काम र दायित्व भनेको विधिलाई कार्यान्वयन गर्नु हो, सुशासनलाई कार्यान्वयन गर्नु हो । भ्रष्टाचारीहरु अस्थिरता बढाउछन । अस्थिरता बढाएर वातावरणलाई बिथोल्छन । विथोलेको वातावरणमा आफ्नो आर्थिक विकास र उन्नती गर्दछन । त्यसको निम्ति छेकने एउटा आधार भनेको सुशासनको व्यवस्था, सुशासनको कार्यान्वयन जो जिम्मेवार अधिकारी हो, जो जिम्मेवारी लिएको छ, उसले आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नु हो । यसो गर्न सकियो भने भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । नियन्त्रण गर्न सक्नु भनेको सुशासनको व्यवस्थापन गर्नु हो । कानुन नियम र संस्थाहरु मात्रै भ्रष्टाचार रोक्नका निमित्त पर्याप्त हुदैनन भन्ने हाम्रो अनुभवले देखायो । हाम्रो नेपाली अनुभवले त्यो कुरा चाहि देखाएको छ । त्यसकारण सामाजिक परिवेश, नागरिक समाज र संचार माध्यमको भूमिका यसका निम्ति महत्वपूर्ण हुन्छ । संचार माध्यम र नागरिक समाजले यो प्रश्नको पक्षमा ढृणताकासाथ समर्थन गर्दाखेरी हामी भ्रष्टाचार जस्तै गलत क्रियाकलाप कन्ट्रोल गर्न सक्छौ । कोनीक्यापीजल भन्छौ, हामी नीतिगत भ्रष्टाचारको नियन्त्रण गर्नुपर्छ । आसेपासे पूँजीवादबाट मुक्त गर्न सकेनौ भने त्यहाँ चाहि सुशासन कायम गर्न सकिन्न । नेपालको संर्दभमा ६२ सालमा सुशासन संवन्धि अध्यादेश ल्याएका थियौ । ६४ सालमा सुशासन संवन्धि ऐन बनाको छ । गण्डकी प्रदेशमा आज हामी यसको सैद्धान्तिक छलफलमा छौ । यसो गर्दा राज्यलाई बलियो बनाउने एउटा आधार मध्येको आधार सुशासन कायम गर्ने हो, विधि बमोजिम शासन गर्ने व्यवस्था निर्माण गर्ने हो । यसका निमित्त राजनीतिक विभाजन बढ्दा, राजनीतिक द्वन्द्ब बढ्दा सुशासनहरु कायम हुन सकेन । सुशासन कायम गर्न सकिन्न । त्यसकारण राजनीतिक एकत्व र यसका निमित्त सबैको बीचमा साझा समझदारीको जरुरी छ । किनभने भ्रष्टाचार ठुलो र सानो हुदैन, भ्रष्टाचार ठुला र सानाले गर्दैनन, भ्रष्टाचार भनेको भष्टाचार हो, कुशासन

भनेको कुशासन हो । सुशासन कायम गर्नको निमित्त सबैको बीचको राजनीतिक एकता जरुरी हुन्छ यो कायम गर्न सकियो भने मात्रै हामी सुशासनलाई दृणताकासाथ अगाडि बढाउन सक्छौ । गण्डकी प्रदेशमा सुशासन कायम गर्ने संर्दभमा तत् अधिकारीहरुलाई तत् जिम्मेवारीहरुमा बाध्नका निमित्त, कार्यसंझौता गर्नका निमित्त पनि यो ऐन आको छ । र यो ऐन समयमै आइपुगेको छ भन्ने लाग्दछ । समयमा आएको यो ऐनले सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही, सहभागितामुलक, नागरिकमैत्री, विधिको शासन, भ्रष्टाचारमुक्त जस्ता कियाकलापमा जोडेर कुशल व्यवस्थापनका साथ कार्यबाट अगाडि बढायौ भने देखि हामी सुशासन प्रदान गर्न, प्रत्याभूत गर्न सक्षम बन्नेछौ । जति धेरै सुशासनको प्रत्याभूति हुन्छ, जति धेरै सुशासनलाई दृणताकासाथ कार्यान्वयन गरिन्छ, जनस्तरसम्म पुर्‍याउन सकिन्छ लोकतन्त्र त्यति नै सुदृण, बलियो र दिगो हुने गर्छ । संघीय लोकतान्त्रिक गणतन्त्रमा संघीयतालाई बलियो बनाउने,सक्षम बनाउने भन्ने कुरा हामीले बनाइरहेको हामीले गरिरहेको शासन पद्धती, हाम्रा विधि, हाम्रा कार्यशैली र हाम्रा अनुभवहरुले जोड्दछन । त्यसकारणले सुशासनलाई बलियो बनाउने यो क्षेत्रमा हाम्रो ध्यान लैजानको लागि यो ऐन आकोछ । त्यसकारणले प्रदेश सरकारले अख्यिार गर्ने नीति, यसले तोकेका जिम्मेवारीहरु मन्त्री, सचिव र विभागिय प्रमुखहरुको दायित्वहरु प्रवक्ताको व्यवस्था गर्ने कुरा, सरकारी खर्चको फछ्र्योट गर्ने कुरा निरीक्षण र प्रतिवेदनको कुरा आको छ । यले अरु धेरै नियम र विनियमहरु बनाउला, कार्यान्वयनमा लैजाला महत्वपूर्ण कुरा के हो भने सष्पैले सष्पैले कार्यविधिको निर्माण गरेर सहि ढंगले पालना गर्ने कुरा हो । सोही हुनाले कार्यान्वयन गरेर पालना गर्न सकियो भने सुशासन कायम गर्न सकिन्छ । यो प्रणालीका निमित्त संविधानको धारा ५१ को खण्ड ख मा लिएर यो विधेयक आकोछ र यो विधेयकको कार्यान्वयनबाट, यसको निर्माणबाट हामी गण्डकी प्रदेशलाई सक्षम, सुव्यवस्थित एउटा प्रदेशको हिसावले विकास गर्न सक्नेछौ भन्ने विश्वास लिएको छु । त्यसकारणले दलका तर्फबाट मेरो तर्फबाट म यो विधेयकलाई समर्थन गर्दै आफ्नो भनाई टुंग्याउछु । धन्यवाद ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्यहरु, अब माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरुको जवाफदिन अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू,**

माननीय सभामुख महोदय, नेपालको संविधान धारा ५१ को खण्ड ख ४ बमोजिम यो सुशासन प्रदेश सुशासन विधेयक संक्षिष्तमा यो विधेयक प्रदेश सरकारले सदन समक्ष यो सम्मानित सदन समक्ष ल्याएको छ । त्यसमा धारा ५१ मा सुशासनको प्रत्याभूति गर्नुपर्ने कुरा उल्लेख छ । अरु विषयहरुको संवन्धमा माननीय सदस्यहरुले छलफलको कममा व्यक्त गरिसक्नुभाछ र सँगसँगै सुशासन पाउने नागरिक अधिकार हो भनेर पनि संविधानले यसको व्यवस्था गरेको छ । मुख्य आधार यो भयो । दोश्रो कुरा सुशासन प्रदेश सरकारको सात वटा प्राथमिकता मध्ये एउटा प्राथमिकता हो भन्ने कुरा पनि स्पष्ट छ । गण्डकी प्रदेश सरकारको सात वटा प्राथमिकता मध्ये एउटा प्राथमिकता सुशासन हो र सँगसँगै संविधान, प्रचलित कानुन र त्यसका अतिरिक्त प्रदेश सरकारका नीतिको कार्यान्वयन गर्नको निम्ति पनि सुशासन आवश्यक हुन्छ । त्यसको निम्ति सुलभ तथा गुणस्तरीय सेवा प्रवाहको आवश्यकता हुन्छ । यसकारण गण्डकी प्रदेश सरकारले यो गण्डकी प्रदेशको सुशासन विधेयक सदन समक्ष पेश गरेको छ । मलाई खुशी लाग्यो कि, सदन समक्ष अहिलेसम्म जति पनि विधेयकहरु पेश भए, हाम्ले ३० वटा विधेयक हाम्ले पारित गरिसक्यौ । कानुन बनाइसक्यौ । त्यस मध्ये केहि विधेयकहरुमा मात्रै आज जति माननीय सदस्यहरुले सैद्धान्तिक छलफलमा भाग लिनु भयो त्यति कमैमा लिनुभा छ । र म यहाँ खुशी व्यक्त गर्न चाहान्छु, कि सैद्धान्तिक छलफलमै सात जना माननीय सदस्यहरुले सहभागी हुनुभा छ । भनेसि यो दफावार छलफल विधायन समितिमा गएर यो दफावार छलफल भएर फेरि सदन समक्ष आउने नै छ । त्यतिबेला यो संख्या अझै बढ्छ कि भन्ने लाग्याछ र यो सहभागिताले नै पुष्टि गरिसक्यो, कि यो अत्यन्त महत्वपूर्ण रहेछ, अत्यन्त आवश्यक विधेयक सरकारले ल्याएछ यो सहभागिताले यो पुष्टि गरेको छ । यस मानेमा प्रदेश सरकारको एउटा प्रतिनिधि हुनुको

नाताले गर्व व्यक्त गर्न चाहान्छु । मैले यस बारेमा थोरै कुरा थपौं भन्ने लाग्यो । सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही, सहभागितामुलक, नागरिकमैत्री बनाउन जरुरी छ । हामी सबैले भन्यौ, विधेयकले पनि शुरुमै यो बोलेको छ । त्यसको निम्ति विधिको शासन आवश्यक छ । विधिको शासन, आर्थिक अनुशासन, भ्रष्टाचारमक्त र चुस्त प्रशासन आवश्यक छ त्यो कसरी ? आवश्यकता त हामीले चर्चा गर्‍यौ त्यो कसरी ? हुनत जनताले सैद्धान्तिक हिसावले बुझिने कुरा भो, अब जनताले सर्वसाधरण जनताले सुशासन कसरी बुझ्छ त भन्दा सेवा छिटो छरितो हुनुपर्‍यो र त्यो कम खर्चिलो हुनु पर्‍यो । यो रुपमा बुझ्छ । यसकारण त्यसको निम्ति कसरी भन्ने कुरा पनि यो विधेयकले स्पष्ट बोलेको छ । पहिलो कुरा त यो प्रशासन अर्थात हाम्रो सर्न्दभा प्रदेश प्रशासन यो सेवाप्रदायक हुनु पर्‍यो अर्थात सेवाप्रदाय र सहजकर्तामा रुपान्तरण हुनुपर्‍यो  हाम्रो प्रशासन । यो सेवाप्रदायक हुनुपर्‍यो, यसबाट सेवा प्रवाह हुनुपर्‍यो र यसले सहजकर्ताको भूमिका पनि निर्वाह गर्नु पर्‍यो । त्यस्तो गर्न सक्दा अहि चर्चा गरिएका उपलब्धीहरु हासिल हुन्छन । त्यसको निम्ति एउटा आवश्यकतालाई पनि इंगित गर्‍याछ हाम्रो विधेयकले यो सार्वजनिक कार्य र सार्वजनिक श्रोतको पनि व्यवस्थापन हुन पर्‍यो । यति मात्र गरेर पुग्दैन । यो सार्वजनिक कार्यको र श्रोतको पनि यसको कुशल व्यवस्थापन पनि जरुरी छ । यसो गरेर हामी साच्चै प्रदेशमा सुशासनको व्यवस्था गर्न सक्छौ भन्ने कुरा यो विधेयकमा आएको छ । र अब अरु विषय चाहि दफावार छलफलमा झै उठ्यो । भन्या मतलव कयौ विषयहरु माननीय सदस्यहरुले उठाउनु भाछ यो कानुनमा यो कानुनमा व्यवस्था गरेर जाने कुराहरु हुन । यो सबे कुरा यहि विधेयकमा ल्याउन अब संभव हुन्थेन । यलाई सकेसम्म अझ संक्षिप्त रुपमा ल्याउने विधेयकहरु संक्षिप्त रुपमै पेश गरिनुपर्छ भन्ने मान्यता हुदाहुदै पनि अब केहि  त फेरि कानुनले नै स्पष्ट बोल्नुपर्छ भनेर हामीले अलि धेरै यसमा उल्लेख गरेका छौ । यहि संर्दभमा अघि पनि चर्चा भयो, यसका निम्ति प्रशासनिक कार्य संचालनका आधारका कुरा गरियाछ, कार्यसंपादन गर्ने कार्यविधिको कुरा गरियाछ, पदीय र आचरणको कुरा गरियाछ, पदीय उत्तरदायित्वको व्यवस्था गरियाछ । अब सैद्धान्तिक रुपले भन्दा यस्ता महत्वपूर्ण व्यवस्थाहरु गरिएका छन र सँगै अरु त चर्चा भइसके मैले त्यो विषयमा धेरै चर्चा गरिन । एउटा

महत्वपूर्ण विषय अहिले उठीराख्याछ कि यो स्वार्थ बाँझिएका वा बाँझिने भएमा त्यो समितिको हामी अथवा माननीय सदस्यहरु अथवा त्यो प्रशासनका कर्मचारीहरु पनि त्यो समितिको समितिले त्यसको बारेमा निर्णय गर्दैछ भने पनि बस्नु हुन्न झन आफैले निर्णय गर्ने भन्या मतलव कर्मचारीहरुको संर्दभमा आफ्नै टेवलमा त्यो निर्णय गर्नुपर्ने स्थितिमा त्यस्तो निर्णय गरिनु हुदैन । अर्थात, यसको संक्षिप्तमा भन्दा स्वार्थ बाँझिएका वा बाँझिने विषयमा निर्णय गर्न हुन्न । यहाँ निर्णय गर्न हुन्न भनेर लेख्याछौ सहभागिसम्म पनि गर्न हुन्न भन्ने कुरा अहिले बाहिर पनि जताकतै अब उठेको विषय छ । यो विषयलाई हामीले अलि बढी नै छलफल गर्‍यौ र यो विषय त अत्यन्त महत्वपूर्ण छ र पछिल्लो चरणमा यस बारेमा धेरै छलफलहरु, बहसहरु केन्द्रित भाका छन । यो कुरालाई व्यवस्था गरेरै जानुपर्छ । यो विना यो पनि एउटा हिजोको दिनमा खड्केको समस्या हो भन्ने कुरा यहाँ उल्लेख गरिएको छ । र सँगसँगै यहाँ चर्चा त केहि भए सँगै प्रदेश सरकारले यहाँ एउटा कुरा के आयो भन्दाखेरी यो ढिलो आयो, सरकार गठन हुने बित्तिकै आउनपर्थ्यो आदि कुराहरु पनि आए । सरकार सुशासन कायम गर्नको निम्ति विभिन्न उपायहरु अपनाउदै अगाडि बढीराखेको थियो । त्यसै संर्दभमा यहाँ गुनासो व्यवस्थापनको संर्दभमा अझै स्पष्ट ढंगले हामीले गुनासौ व्यवस्थापन कसरी गर्ने भन्ने कुरा उल्लेख गरेर ल्याएका छौ । त्यसैरी नै प्रदेश सरकारले हेलो मुख्यमन्त्री कक्ष, विशेषकक्षको व्यवस्था गर्‍याछ । त्यो सम्वन्धी हाम्ले एउटा त्यलाई हाम्ले कार्यानवयनमै लैसक्याछौ । त्यसबाट पनि केहि पाठहरु हाम्ले सिकिसकेका छौ । तेलाई पनि कानुनी हिसावले व्यवस्थित गरिनुपर्छ भनेर हामीले यो विधेयक ल्याएका छौ । यो हिसावले मैले यति चर्चा गरेर यो यति महत्वपूर्ण विधेयक ल्याएको छ यो चाहि एउटा उदाहरणीय भनेको मतलव गण्डकी प्रदेश सरकारले यो विधेयकलाई अगाडि बढाएको छ र हामी सबै यसको छलफलमा सहभागी हुनेछौ । यलाई अझ यहाँ हलुङो भयो भन्ने कुरा पनि आछ यलाई गहकिलो बनाउनको निम्ति हामी छलफलमा सहभागी हुदैछौ । यो त मात्रै सैद्धान्तिक छलफल हो र अन्य कुरा कयौ विषयहरु त हाम्ले पछि यो विधेयक पास गरिसकेपछि पनि नियमावलीको व्यवस्था गरेर आउने नै छ । यस रुपमा यो महत्वपूर्ण विधेयक सदन समक्ष छलफल गर्न पाएकोमा

अत्यन्त खुशी व्यक्त गर्दे सहभागी माननीय सदस्यहरुलाई सभामुखको माध्यमबाट हार्दिक धन्यवाद ज्ञापन गर्दे विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू,**

अब यो छलफल यही समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई मिति २०७६ साल असोज ६ गते सभामा प्रस्तुत भई सामान्य छलफल समेत भएको गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने संवन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू,**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल असोज ६ गते प्रस्तुत भएको र मिति २०७६ साल असोज ९ गते सभामा बिचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने संवन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ ख बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्यहरु, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावमको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोस् ।

हुन्छ,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **हुन्न** भन्नुहोस् ।

**हुन्न** भन्ने आवाज सुनिएन, तसर्थ गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने संर्दभमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

विधेयकमा संशोधन पेश गर्न चाहानु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टाभित्र आफुले पेश गर्न चाहेएको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नु हुनेछ । उक्त विधेयक संशोधनको समावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यवहोरा जानकारी गराउछु ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असोज १३ गते अपरान्न १:०० बजे सम्मको लागि स्थगित हुन्छ ।**